# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, वैशाख २३ गते २०५६ साल ( अतिरिक्ताङ्क १०


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय महिला, बालबालिका तथा समाज कल्याण मन्त्री श्री राजेन्द्र खरेल संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा हुने संयुक्त राष्ट्र संघीय बालबालिका सम्बन्धी विशेष सम्मेलनमा भाग लिने सिलसिलामा सम्माननीय प्रधानमन्त्रीले नेतृत्व गर्नु हुने प्रतिनिधि मण्डलमा सम्मिलित हुन २०५६ साल वैशाख २३ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको कार्यभार प्रधानमन्त्रीले गर्ने कार्यहरू गर्ने माननीय मन्त्रीको सिफारिशमा माननीय बिना विभागीय मन्त्री श्री ऋषिकेश गौतमले सम्हाल्नु हुनेछ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको महान्यायाधिवक्ता पदमा प्रधानमन्त्रीको सिफारिशमा श्री प्रेमबहादुर विष्टलाई नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,

पशुपतिभक्त महर्जन

श्री ५ महाराजाधिराजका प्रमुख सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।